# बाँसगढी नगरपालिका नगर सभामा २०७६ असार ९ गते नगर प्रमुख श्री सालिकराम अधिकारीले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम

**बाँसगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बाँसगढी, बर्दिया ।**

बाँसगढी नगरपालिका

***माननीय संघीय सांसदज्यू,***
***माननीय सभासदज्यूहरु,***
***माननीय प्रदेश सभाका सदस्यज्यूहरु,***
***राजनीतिक दलका प्रतिनिधिहरु,***
***सभाका सदस्यज्यूहरु,***
***पत्रकार बन्धु,***

१ आज यस सम्मानित नगर सभामा बाँसगढी नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरबको अनुभूती भएको छ । नेपाली जनताको लोकतन्त्र, गणतन्त्र, समानता, सामाजिक विकासको चाहना अनुरुप पटक पटक भएका विभिन्न आन्दोलनका कारण लोकतान्त्रिक मूल्य एवं मान्यतालाई आत्मसाथ गर्दै राज्य प्रणालीको क्रमशः रुपान्तरण हुँदै आएको छ । राज्य प्रणालीको रुपान्तरणसँगै एकात्मक, केन्द्रिकृत ढाँचाको राज्यको स्वरुपमा आमूल परिर्वतन गरि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि विशिष्ट योगदान पुऱ्याउने विभिन्न क्षेत्र, वर्ग र विशेषतः यस क्रममा ज्यानको आहुति दिने वीर शहीदहरुप्रति श्रद्धासुमन अर्पणका साथै बेपत्ता तथा घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस क्रममा अगुवाई गर्ने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान गर्न चाहन्छु ।

२ नेपालको संघीय शासन प्रणाली नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षको उपज हो । नेपालको संविधानले प्रत्याभूत गरेको नागरिकको हक अधिकारको रक्षा, आर्थिक विकास र समृद्धि तथा संविधानको पूर्ण कार्यान्वयन गर्न बाँसगढी नगरपालिका प्रतिबद्ध रहेको छ ।

३ प्राकृतिक सुन्दरता, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त यस नगरपालिका सामाजिक सद्भाव र सास्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने नीति अनुरुप समाजमा विद्यमान सबै प्रकारका विभेद तथा असमानतालाई हटाउन बाँसगढी नगरपालिका सदैव अग्रसर रहनेछ ।

४ संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व हस्तान्तरण तथा विभिन्न अनुदान रकमको बाँडफाँड मानव विकास सुचकाङ्क, जनघनत्व, आर्थिक तथा सामाजिक विकासका विविध परिसूचक, कार्यात्मक ईकाई तथा बजेट कार्यान्वयनको अवस्थाको मार्गचित्रबाट हुनुपर्ने, संघीय सरकार र प्रदेश

सरकारको विभिन्न परियोजनाको जिम्मेवारी समेत स्थानीय सरकारको भएको हुँदा संघीय सरकार र प्रदेश सरकारले त्यसमा सहयोगी भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिइएको छ ।

५ संघीयता कार्यान्वयन, आर्थिक तथा सामाजिक रुपान्तरण, सभ्य र सुसंस्कृत समाज निर्माण यो नीति तथा कार्यक्रमको महत्वपूर्ण आधार स्तम्भहरु हुन । यही आधार स्तम्भका आधारमा बाँसगढी नगरपालिकाले विकास तथा आर्थिक समृद्धिका कार्यक्रमहरु तय गर्नेछ ।

६ बाँसगढी नगरपालिका नगरबासीको भावना, आंकक्षा तथा आवश्यकताका आधारमा जीवनस्तर सुधार गर्न तथा विकास र आर्थिक समृद्धिको अपेक्षा पुरा गर्न दृढ संकलपका साथ अगाडी बढेको छ । भौतिक संरचनाको अभाव, कर्मचारी तथा अन्य स्रोत साधनको व्यवस्थापन नहुनु, संघ तथा प्रदेश सरकारको योजना वर्गिकरण समयमा नहुनु जस्ता समस्याका बाबजुद पनि यस वर्ष हासिल गरेको महत्वपूर्ण उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।

७ स्थानीय सरकारको कामकारबाही सञ्चालन, सुशासन, नागरिकमैत्री शासन व्यवस्था सञ्चालन गर्न तथा नगरपालिकाको समृद्धिका आधारहरुलाई अगाडी बढाउनका लागि हालसम्म ६ वटा ऐन, ३ वटा नियमावली, १५ वटा कार्यविधि, मापदण्ड र आचारसंहिता, ४ वटा निर्देशिका जारी भइसकेको छन् । जसले गर्दा स्थानीय तहको कार्य सञ्चालनलाई सहज बनाएको छ । स्थानीय तहका लागि आवश्यक पर्ने कानुन निर्माण प्रक्रिया सञ्चालनमा रहेको छ ।

८ चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम अनुरुप एक वडा एक सडक कालोपत्रे अर्न्तगत ९ वटा वडाको १२ किलोमिटर सडक कालोपत्रे हुने अवस्थामा रहेको छ, बाँसगढी नगर चक्रपथको ४४.५ कि.मी सडक मध्ये एकिकृत शहरी विकास कार्यक्रम अन्तर्गत दुई प्याकेजमा २४ कि.मी. सडकको म्एच तयार गरेको, नगरपालिकाको स्रोतबाट ११.७ कि.मी. DPR तयार गरि ४ कि.मी. सडक कालोपत्रेका लागि खरिद सम्झौता सम्पन्न भई कार्य अगाडी बढेको छ, यस वर्ष २४.५ कि.मी. सडक ग्राबेल भएको छ । चालु आर्थिक वर्षमा २३ वटा कल्भर्ट तथा बक्स कल्भर्ट सम्पन्न भईसकेका छन्, तथा २ वट पुल निर्माण कार्य भैरहेको छ, चालु आ.व.मा रेहु खोलामा झोलुगें पुल सम्पन्न भएको छ, नगरपालिकाको ५ स्थानमा ढल निकासका काम भएको छ ।

९ बाँसगढी नगपालिका विभिन्न स्थानहरुमा हुने बाढी डुवानका लागि रेहु खोला तटबन्धन, मुर्गिया नाला तटबन्धन, दोन्द्रे खोला तटबन्धन, घट्टे खोला र ग्याङ्ग नदी तटबन्धन गरिएको छ । चालु आर्थिक वर्षको नीति अनुरुप मुख्य मोतिपुर ताल, बाँसगढी बराही ताल, दमौली ताल, गौरीपारा, छोड्की डेउढा ताल लगायत ७ वटा ताल संरक्षणको कार्य सम्पन्न भएको छ । ताल संरक्षण गरि पिकनिक स्पार्ट तथा बालउद्यान निर्माण कार्यको सुरुवात गरिएको छ ।

१० चालु आर्थिक वर्षको नीति अनुरुप आफ्नै वडा कार्यालय मार्फत सेवाप्रवाह गरिने बमोजिम यस वर्ष वडा नं. १, वडा नं. ६, वडा नं. ८ र वडा नं. ९ को वडा कार्यालय सम्पन्न भएको छ । नगरस्तरीय सुविधा सम्पन्न कबर्डहल निर्माण गरिएको छ । बाँसगढी नगरपालिका वडा नं. १ बबई चेपाङमा आवासीय अत्याधुनिक बर्थिङ्ग सेन्टरको निर्माण भएको छ ।

११ किसानहरुको बालीनाली संरक्षण तथा बन्यजन्तुको प्रभावबाट मानवीय क्षतीलाई रोक्नका लागि यस वर्ष ५ कि.मी. तारबार गरिएको छ । कृषि क्षेत्रको प्रर्वद्धन तथा किसानको उत्पादनलाई सहज बजार पहुँचका लागि बाँसगढी कृषि हाट बजार सञ्चालन भएको तथा लक्ष्मणा कृषि हाटबजारलाई अत्याधुनिक बनाई सञ्चालनका लागि निर्माण कार्य भइरहेको छ । बाँसगढी नगरपालिकाको प्रत्यक्ष सहभागितामा पशु विमा कार्यक्रम सञ्चालन गरिएको छ । हालसम्म बाँसगढी नगरपालिका ५०६ वटा पशुको विमा गरिएको छ । पशुबिमा कार्यक्रमबाट पशुपालक कृषकहरुलाई पशु विमा वापतको प्रिमियमका आर्थिक बोझ कम हुनुका साथै बिमा रकमको उपलब्धताका लागि सहजता भएको छ ।

१२ बाँसगढी नगरपालिकाका कृषकहरुको मागलाई ध्यानमा राखी सहकारीको माध्यमबाट मुल बिउ उत्पादन तथा जैविक मल उत्पादनका लागि अनुदान प्रदान गरिनुका साथै सहकारीद्धारा बायोग्यास उर्जा प्रबर्द्धनको कार्यका लागि सम्भाव्यता अध्ययन भएको छ । पशुपालन व्यवसायलाई आधुनिक तथा पूर्ण व्यवसायीक बनाउनका लागि सम्बन्धित निकायमा पहल गरि कृषकको माग सम्बोधनमा ध्यान दिइएको छ ।

१३ यस आर्थिक वर्षमा बाँसगढी नगरपालिकाको समन्वय तथा सहयोगमा युवा स्वरोजगार कार्यक्रम अर्न्तगत लोकसेवा आयोग कक्षा सञ्चालन, शिक्षक सेवा आयोग, आल्मुनियम तालिम, मुढा बुन्ने तालिम, विद्युत वाइरिगं तालिम, सिलाई कटाई लगाएतका तालिमहरुबाट २४३ जना युवाहरु लाभान्वित भएका छन् ।

१४ नेपालको १०० वटा पर्यटकीय गन्तव्यको क्षेत्रभित्र बाँसगढी नगरपालिकामा रहेको श्री ॐ केदारेश्वर धाम सूचिकृत भएको छ । बाँसगढी नगरपालिकाको पहिलो पर्यटकीय स्थल प्रवेशद्धारका रुपमा बबई चेपाङको बबई झ्याली सञ्चालनमा आएको छ, जसले आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा बृद्धि गरेको छ । पर्यटन पूर्वाधार निर्माणका लागि सम्भाव्यता अध्ययन गरिएको छ ।

१५ चालु आर्थिक वर्षमा राष्ट्रिय शिक्षा नीति अनुरुप बाँसगढी नगरपालिकालाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदायक नगर घोषणा भएको छ । नगरपालिका भित्र रहेका ६ वटा विद्यालयमा प्राविधिक शिक्षा सञ्चालनका लागि सहयोग प्रदान गरिएको छ । संघीय तथा प्रदेश सरकार तथा साझेदार संस्थाहरुको सहयोग तथा बाँसगढी नगरपालिकाको सहयोगमा २१ वटा विद्यालय भवनहरु निर्माण कार्य भैरहेका छन् ।

१६ नगरपालिकाका प्रत्येक स्वास्थ्य संस्थाहरुबाट द्यःक्ष कार्य सुरुवात गरिएको छ, बाँसगढी नगरपालिकाद्धारा नै सिक्कल सेल एनिमिया परिक्षणका लागि मेसिन खरिद तथा परिक्षण र रोग निदानका लागि आवश्यक पहल गरिएको छ । VIA Test, Folic Acid वितरण कार्यको सुरुवात गरिएको छ ।

१७ चालु आर्थिक वर्षमा प्रत्येक वडा कार्यालयबाट पूर्ण रुपमा अनलाइन मार्फत घटनादर्ता तथा सामाजिक सुरक्षा कार्य सञ्चालन भएको घोषणा भई Paperless Governmet को सूरुवात गर्न खोजिएको छ ।

१८ चालु आ.व. को आन्तरिक आयलाई बृद्धि गर्नका लागि करको दायरालाई फराकिलो बनाई व्यवसायक करको सुरुवात गरिएको छ, यसले गर्दा आन्तरिक आय गत वर्षको तुलनामा हालसम्म १६ प्रतिशत बृद्धि भएको छ । सम्पत्ति तथा भूमिकर व्यवस्थापनका लागि सहज वातावरण वनाई प्रत्येक घरघरबाट तथ्याकं लिने कार्य भएको छ । करको दरलाई न्यून गर्दै करको दायरालाई बढाउनका लागि सम्भाव्यता अध्ययन भएको छ ।

१९ बाँसगढी नगरपालिकाले हासिल गरेका महत्वपूर्ण उपलब्धीको जगमा तयार गरिएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

२० **बाँसगढी नगरपालिकाको यो नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय तहको अधिकार सूचि, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दिर्घकालिन नीतिहरु, सहश्राब्दी विकास लक्ष्य तथा दिगो विकास लक्ष्य, नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रविवद्धता, प्रदेश सरकारको नीति तथा कार्यक्रम, बाँसगढी नगरपालिकाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र योजनाहरुको कार्यान्वयन गर्ने तथा दिगो विकासका लक्ष्य अर्न्तगत स्थानीय तहका प्राथमिकताहरु कार्यान्वयन गर्ने दिशा तर्फ उन्मुख रहेको छ ।**

२१ **प्रस्तुत नीति तथा कार्यक्रमले बाँसगढी नगरपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास र समृद्धि हासिल गरि समृद्ध नेपाल सुखी नेपाली को राष्टिय आंकाक्षालाई सफल पार्ने लक्ष्य लिएको छ ।**

## कृषि तथा सहकारी

२२ **कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण तथा सिचाई सुविधाको व्यवस्थापन गरि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै बाँसगढी नगरपालिकाका कृषकहरुको जीवनस्तरमा परिवर्तन ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ । कृषि पकेट क्षेत्रहरुको पहिचान, मूल्य अभिबृद्धियुक्त उत्पादन, व्यवसायिक खेती, नगदे खेती एवं उच्च संभावनायुक्त फलफुलहरुको खेती, कृषि प्रणालीलाई व्यापार र उद्योगसँग आबद्ध गर्ने, जैविक मल, बीउ तथा जैविक औषाधीको सहज उपलब्धतालाई प्रभावकारी बनाइनेछ ।**

२३ **युवा जनशक्तिलाई कृषिमा आर्कषित गर्न व्यवसायीक रुपमा पशु पन्छीपालन, मौरीपालन, मत्यपालन, जडीबुटी खेती, मसलाजन्य र नगदेबाली खेती गर्नेलाई प्रोत्साहित गर्नुका साथै कृषि बाली बिमा, मौरी बिमा तथा बाली संरक्षणको नीति लिईने छ । कृषकहरुको क्षमता विकासका साथै लागत सहभागितामा आधारित अनुदान कार्यक्रमलाई जोड दिदै उत्पादनमुखी कृषकलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।**

२४ **लिफ्ट सिचाई, डीप बोरिङ्ग, सोलार सिचाई कार्यलाई निरन्तरता दिनुका साथै बाझो जमिनलाई उत्पादनका कार्य गर्नका लागि आवश्यक सहयोग गरि कृषकहरुको उत्पादित उपजको संकलन केन्द्रबाट सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।**

बाँसगढी नगरपालिका

२५ **कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारीलाई आम्दानी र प्रतिफलमा आधारित कार्यक्रम सञ्चालन गर्न सामुहिक कृषि प्रणाली मार्फत उन्नत कृषि उत्पादनको सामाग्रीको आपूर्ति व्यवस्थालाई सहजता बनाउनका लागि आवश्यक पहल गरिनेछ । उन्नत बिउ उत्पादन गर्ने तथा बिउ प्रशोधन र भण्डारको व्यवस्थापनका लागि सम्भाव्यता अध्ययनका आधारमा गरिनेछ । कृषि उपजको गुणस्तरीय उत्पादनदेखि उपभोक्तासम्म पुग्दाको मूल्य श्रंखलामा आउने अवरोधलाई कम गर्न कृषक समुह, उद्यमीहरु तथा सहकारीलाई वित्तिय तथा प्राविधिक सहयोग मार्फत प्रोत्साहन गरिनेछ ।**

२६ **प्रदेश सरकारको नीति तथा कार्यक्रम बमोजिम एक पालिका एक शित भण्डारलाई सार्थकता दिन प्रदेश सरकारको साझेदारीमा शित भण्डारको सम्भाव्यता अध्ययन गरि निर्माण कार्यमा जोड दिँदै किसानहरुको कृषि उपजको संरक्षण तथा व्यवस्थापनमा जोड दिइनेछ ।**

२७ **कृषि क्षेत्रमा प्रयोग भइरहेको रसायनिक विषादीलाई न्यूनिकरण गर्न कृषक तथा सहकारीको माध्यमबाट जैविक विषादी तथा जैविक मल उत्पादनलाई सहयोग तथा अनुदान प्रदान गरि आर्गनिक उत्पादनमा जोड दिइनेछ । कृषि उत्पादनको लागि गुणस्तरीय सामाग्रीहरु र कृषियन्त्र तथा औजार, अन्नत बिउ बिजन, अन्नत प्रविधिको विकास र विस्तारमा उच्च प्राथमिकता दिइनेछ । कृषि उत्पादन सामाग्रीहरु समयमै आपूर्तिको व्यवस्था मिलाइनेछ ।**

२८ **कृषि क्षत्रमा काम गर्ने एग्रोभेट, एग्रो सेन्टर, कृषि फार्म आदी लाई सुचिकृत गर्नुका साथै अनुगमन तथा नियमन गरि गुणस्तरीय सेवाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।**

२९ **बाँसगढी नरपालिकाकाको आर्थिक सहयोगमा सञ्चालन गरिएको पशु बिमा कार्यलाई निरन्तरता दिँदै अझ प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ । कृषकहरुको बाली बिमा कार्यलाई अगाडी बढाउन बिमा कम्पनी तथा सहकारीसँग समन्वय गरि प्रतिफलमा आधारित बिमा कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।**

३० **पशुपन्छीबाट सर्न सक्ने रोगहरुको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिबृद्धिका जनस्वास्थ्य संरक्षणमा सहयोग पुर्‍याइनेछ ।**

बाँसगढी नगरपालिका

३१ **साना डेरी उद्योग प्रवर्द्धन गर्न योगदानमा आधारित दुग्ध प्रशोधन तथा विविधकरण सामाग्रीमा सहयोग गरिनेछ । बाँसगढी नगरपालिकालाई दुग्ध पदार्थमा आत्मनिर्भर बनाउनका लागि आवश्यक कार्य सञ्चालन गरिनेछ ।**

३२ **घरपालुवा पशुपन्छीका लागि रोग बिरुद्ध खोप कार्यक्रम सञ्चालन गरि क्रमशः पूर्ण पशुपन्छी खोपयुक्त नगरपालिका घोषणा गर्ने नीति लिइनेछ । पशु कृतिम गर्भाधान तथा नश्ल सुधार कार्यलाई जोड दिइनेछ । जुनोटिक तथा महामारीजन्य पशुपन्छी रोग नियन्त्रण तथा रोकथामका लागि एकिकृत स्वास्थ्य नीति अबलम्बन गरिनेछ ।**

३३ **सार्वजनिक, निजी, सहकारी साझेदारीमा पशुपन्छी बजार प्रवर्द्धन र पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरिनेछ साथै पशु पालन नमुना गाँउ पहिचान तथा प्रवद्धन गर्ने निति लिईनेछ । विभिन्न क्लस्टरमा बाख्रापालन विशेष कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ ।**

३४ **छाडा चौपाया ब्यबस्थापन, पशुपन्छिका मलमुत्र ब्यबस्थापन गरि कम्पोस्ट मल उत्पादन तथा बायो ग्यास उत्पादन कार्य सञ्चालनका आवश्यक सहयोग गरिनेछ । वातावरण तथा जलवायु अनुकूलन मैत्री, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन तथा गोबर मलको प्रयोग गर्न प्रश्रय दिईने छ ।**

३५ बाली, पशुपन्छी तथा मत्स्य पकेटक्षेत्र बिस्तारका लागि **एक वडा – एक नमुना व्यवसायीक कृषि कार्यक्रम** सञ्चालनको नीति लिइनेछ ।

३६ **पशु बधशाला निर्माण र ब्यवस्थापनका लागि आवश्यक कार्य सञ्चालन गरिनेछ ।**

३७ **घाँसमा आधारित पशुपालन गर्न पशुपालक कृषकहरुलाई खानेपानी सिचाई तथा घाँसको बीउ समयमा नै उपलब्ध गराइने छ ।**

३८ **पशुजन्य पदार्थहरुको उत्पादन, प्रशोधन र बजारीकरणको लागि उपयुक्त नीति लिईने छ । कृषिजन्य उत्पादित बस्तुको गुणस्तर नियमन गर्न आवश्यक कानुनी तथा अन्य व्यवस्थालाई प्रभावकारी बनाइनेछ । विषादी, रोग, किरा, बिउबिजन तथा माटो परिक्षण प्रयोगशाला निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।**

३९ राष्ट्रिय अर्थतन्त्रको संवाहकका रुपमा रहेको सहकारी क्षेत्रलाई सिपमा आधारित तथा उत्पादनशील क्षेत्रहरुमा लगानी गर्नका लागि क्रियाशिल गराउनुका साथै प्रतिफलका आधारमा उत्पादनमूखी कार्यक्रम सञ्चालनका लागि लागत सहभागितामा आधारित अनुदान प्रदान गर्ने नीति लिइनेछ ।

४० सहकारी क्षेत्रको पारदर्शिता, जवाफदेहिता प्रर्बद्धन गर्न तथा सहकारीको माध्यमबाट गरिबी निवारणमा टेवा पुऱ्याउन सहकारी तथा गरिबी निवारण सम्बन्धि व्यवस्थापन सूचना प्रणालीलाई सहकारी कानुन बमोजिम कार्यान्वयन गर्न जोड दिइनेछ ।

४१ सहकारी संस्थाहरुको नियमित तथा आवश्यकता अनुसार सघन अनुगमन गरि सहकारी संस्थाका लागि जारी भएको सम्पत्ति शुद्धिकरणको व्यवस्थालाई कडाईका साथ लागु गर्दै बाँसगढी नगरपालिकालाई नमुना सहकारी क्षेत्रका रुपमा विकास गर्न सहकारीकर्मी, सहकारी संस्था, सञ्जाल तथा सरोकारवालासँग समन्वय गरि सहकारी नियमन, प्रर्वद्धन तथा प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४२ सहकारी संस्थाहरु एकिकरणका लागि तोकिएको कानुनी व्यवस्था बमोजिम कार्यविधि बनाई एकिकरण कार्यलाई जोड दिइनेछ । सङ्ख्यात्मक रुपमा सहकारी संस्थाहरुलाई कम गरि गुणात्मकतामा जोड दिइेछ । सहकारी संस्थाहरुको मागमा आधारित कार्यक्रम सञ्चालनलाई समेत समेटी उत्पादन तथा उत्पादनकत्व बृद्धि गरि सम्पूर्ण सदस्यहरुको आर्थिक उन्नयनलाई जोड दिन लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । सहकारी मार्फत कृषिजन्य कच्चा पदार्थमा आधारित साना उद्योग सञ्चालनमा जोड दिइनेछ ।

४३ सहकारी संस्थाका प्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा जोड दिँदै सहकारी क्षेत्रमा रहेका समस्या र चुनौतीको सामना गर्न सक्ने संस्था निर्माण गरि सुशासन कायम तथा दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारीको भूमिकालाई कार्यान्वयनमा ल्याउने नीति लिइनेछ ।

## शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई

४४ बाँसगढी नगपालिकाको शैक्षिक गुणस्तर बृद्धि गर्न तथा सबैलाई शिक्षाको पहुँचमा पुऱ्याउनका लागि दलित, छात्रा, लोपोन्मुख अति बिपन्न, असहाय र जेहेन्दार र अपाङ्गता भएका विद्यार्थीहरुका लागि आवश्यकताका आधारमा कार्यबिधि बनाई छात्रबृत्तिको व्यवस्था गरिनेछ । उच्च शिक्षा अध्ययनरत जेहेन्दार विद्यार्थिहरुका लागि नगर प्रमुख छात्रबृत्ति कार्यक्रम सञ्चालन गरि विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ । लक्षित समूहका बालबालिकाहरुको शिक्षामा पहुँच बढाउन प्रोत्साहनका कार्यक्रम सञ्चालन

गरिनेछ । स्वस्थ्य समाज निर्माणमा विद्यार्थी तथा शिक्षकको समेत भूमिका हुने भएकोले नैतिक शिक्षालाई सोही अनुरुप प्रभावकारी बनाइनेछ ।

४५ गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयका शिक्षकहरुलाई आवश्यक तालिम तथा क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्नुका साथै सूचना प्रविधिमैत्री शैक्षिक सामाग्रीहरुको प्रयोगमा जोड दिइनेछ ।

४६ नगरपालिकाको शैक्षिक स्तरलाई उत्कृष्ट रुपमा विकास गर्न विद्यालय सुधार योजनाको आधारमा शैक्षिक संस्थाहरुको भौतिक, आर्थिक तथा शैक्षिक सुधार गर्न पहल गरिनेछ । विद्यालयको भौतिक पूर्वाधार सहित विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला, खेलमैदान तथा विद्यालय हाताको वातावरणको समयानुकुल विकास गरि हरित विद्यालय अभियानलाई सिकाईका साथै प्रयोगात्मक अभ्यासको केन्द्रका रुपमा स्थापित गर्न सम्बन्धित पक्षहरुसँग समन्वय गरि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४७ सामुदायिक विद्यालय तथा समुदाय स्तरमा रहेका बाल विकास केन्द्रहरुको भौतिक तथा शैक्षिक सुधार गरिनेछ । स्थानीय थारु भाषामा आधारभुत शिक्षा प्रदान गर्ने तर्फ अध्ययन गरिनेछ ।

४८ प्राविधिक शिक्षालयहरु बृद्धि गर्न तथा सञ्चालनमा रहेका प्राविधिक विद्यालयहरुको भौतिक, शैक्षिक तथा वातावरणीय पूर्वाधारको विकास गर्न प्रदेश तथा संघीय सरकारसँग पहल गर्नुका साथै यस नगरपालिकाले त्यस्ता पूर्वाधार विकासका जोड दिनेछ ।

४९ नगरपालिका भित्र रहेका अध्ययन केन्द्र/सामुदायिक पुस्तकालयहरुको ब्यवस्थापन र पूर्वाधार विकामा जोड दिइनेछ ।

५० आधारभूत तह सम्म लेखा राख्ने कर्मचारी तथा मा बि तहमा आइ सि टी शिक्षक ब्यबस्थापन लाई निरन्तरता दिइनेछ । उनिहरुको क्षमता विकासका लागि तालिम तथा अन्य आवश्यक प्रशिक्षणको व्यवस्था मिलाई विद्यालयको पारदर्शिता र सुशासन कायम गरि सूचना प्रविधिमैत्री बनाउन जोड दिइनेछ ।

५१ **बिद्यार्थी शिक्षक अनुपातको आधारमा न्यून बिद्यार्थी संख्या भएका बिद्यालयहरु एक आपसमा एकिकरण तथा समायोजन गरि आवासीय विद्यालय व्यवस्थापन तथा सञ्चालन गर्ने कार्यलाई सहयोग गरिनेछ । मदरसामा सञ्चालित शैक्षिक कार्यक्रमलाई मुल धारको शिक्षा प्रणालीमा आबद्ध गर्ने नीति लिइनेछ ।**

५२ **बाल विकास केन्द्रलाई नमुना केन्द्रको रुपमा विकास गर्न आवश्यक पूर्वाधारको विकास गरिनेछ । अपागंता भएका भएका बालबालिकाको शिक्षामा पहुँच बढाई गुणस्तरीय शिक्षा प्रदान गर्न प्रविधिमैत्री शिक्षण सिकाइमा जोड दिइनेछ ।**

५३ **आधारभूत तथा आकस्मीक स्वास्थ्य सेवालाई गुणस्तरीय तथा सर्बसाधारणको पहुँचयोग्य बनाउन आवश्यक जनशक्ति, तथा पूर्वाधारको व्यवस्थापन गरिनेछ । स्वास्थ्य बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । गुणस्तरीय स्वास्थ्य सेवाका लागि अनुगमनमा जोड दिइनेछ ।**

५४ **असहाय, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तर परिवर्तन गर्न तथा क्षमता अभिबृद्धि गर्न संरक्षणात्मक सेवा प्रदान गर्न जोड दिनुका साथै ८४ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरमा नै स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।**

५५ **मातृस्वास्थ्य र प्रजनन स्वास्थ्य, पोषण सम्बन्धी कार्यक्रम, सुरक्षित मातृत्व लगायतका आधारभूत स्वास्थ्य सेवाहरुका बारेमा सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।**

५६ **किशोरकिशोरीहरुलाई साथी शिक्षा, स्वास्थ्य तथा नागरिक शिक्षा, सञ्चालन गरि जनसङ्ख्या, प्रजनन स्वास्थ्य तथा यौन सम्बन्धी विषयहरुमा चेतना अभिवृद्धि गरि सभ्य र सुरक्षित व्यवहार प्रर्वद्धन गर्न जोड दिइनेछ ।**

५७ **पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच आम नागरिकसम्म पुर्‍याउन प्रयास गरिनेछ । यसका लागि गैर सरकारी संस्था, निजि क्षेत्र, अन्य सहयोगी निकायको सहयोग लिइने नीति लिइनेछ ।**

५८ **नवजात शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औषत आयु वढाउनका लागि स्वास्थ्य प्रर्वधनात्मक कार्यक्रममा जोड दिइनेछ ।**

५९ **स्वास्थ्य क्षेत्रमा निजि, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरि ती क्षेत्रहरुबाट हुने लगानीलाई व्यवस्थित गराइनेछ । प्याथोलोजी र रेडियोलोजी सेवा स्थानीय तहबाट नै उपलब्ध गराउनका लागि आवश्यक पहल गरिनेछ ।**

६० **नगर क्षेत्रभित्र बसोबास गर्ने विभिन्न उमेर समूहका व्यक्तिहरुलाई लागुपदार्थ दुर्व्यसनी हुनबाट रोक्न विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै दुर्व्यसनीहरुको उपचार, योग ध्यान लगायत पूर्नस्थापनाका कार्यहरु सञ्चालन गर्न गैर सरकारी संस्था, नीजि क्षेत्र, सुरक्षा निकायसँगको समन्वय र सहयोगमा अघि बढाइनेछ ।**

६१ **नगरमा सहरी स्वास्थ्य केन्द्रको अवधारणा अनुरुप यस नगरपालिकाको दमौली, थुमनी, राँम्झामा र चेपांगमा नगर स्वास्थ्य केन्द्र स्थापना भै संचालन भै रहेको छ, ती केन्द्रहरुमा थप स्वास्थ्य सेवा संचालन गर्ने ब्यवस्था मिलाइने छ । नगरका अन्य वडाहरुमा समेत संचालन तथा बिस्तारको लागी पहल गरिनेछ । स्वास्थ्य क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाको योगदानको कदर गर्दै प्रोत्साहन गरिनेछ ।**

६२ **नगरपालिकामा बसोबास गर्ने थारु जातिमा देखिएको सिक्कल सेल एनिमिया रोगलाई नियन्त्रण गर्न सरकारी तथा गैह्र सरकारी संस्थाहरुसँग समन्वय गरि कार्यक्रम संचालनलाई निरन्तरता दिदै सम्बन्धित निकायमार्फत रोग निदान तर्फ जोड दिइनेछ । सिक्कल सेल एनिमियाको बारेमा विद्यालयमा समेत सचेतनाका लागि पाठशाला सञ्चालन गरिनेछ ।**

६३ **स्थानीय आयूर्वेद, प्राकृतिक चिकित्सा, योग कक्षा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।**

६४ **विद्यालय तथा समुदायमा लागु औषध विरुद्ध किशोरकिशोरी र यूवाहरुबिच सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।**

६५ **सबैका लागि स्वच्छ खानेपानी उपलब्ध गराउने गरि खानेपानी तथा सरसफाईका कार्यक्रम सञ्चालन गरिनेछ । आर्सेनिक परिक्षण र न्यूनिकरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ ।**

६६ **स्वास्थ्य तथा पूर्ण सरसफाइका ५+१ का सूचकहरु कार्यान्वयन गर्दै स्वास्थ्य नमुना गाँउको अवधारणलाई कार्यान्वयन गर्न जोड दिने नीति लिइनेछ ।**

६७ **सामुदायिक स्वास्थ्य कार्यकर्ताको व्यस्थापन गरि खानेपानीको नमुना परिक्षण गरि शुद्ध खानेपानीको व्यवस्था मिलाउने तर्फ जोड दिने नीति लिइनेछ ।**

६८ **घरमा प्रसुति गराउने दरलाई शुन्यमा झार्ने प्रयास गर्दै स्वास्थ्य संस्थाहरुमा प्रयोगशालाको बिस्तार तथा आवश्यकता अनुसार स्वास्थ्य सिविर संचालन गरि आवश्यक सेवाको व्यवस्था मिलाउने नीति लिइनेछ ।**

६९ **स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको व्यबस्थापन गर्दै स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवाको विस्तार गर्ने नीति लिइनेछ । सर्पदंश केन्द्र स्थापनाका सम्भाव्यता अध्ययन गरी निर्माण गरिनेछ ।**

७० **सुर्तिजन्य पदार्थ नियन्त्रण, नियमन, कार्यान्वयन प्रक्रिया अघि बढाउदै बाँसगढी नगरपालिकालाई सुर्तिजन्य पदार्थ एबं प्लाष्टिकजन्य पदार्थ मुक्त नगरपालिका घोषणा गर्ने निति लिइनेछ ।**

७१ **बासगढी नगरवासिहरुलाई स्वास्थ्यमा समान तथा सरल पहुँच पुर्याउन जनप्रतिनिधिको पारिश्रमिक बापतको रकमवाट एम्वुलेस खरिद गरि सेवा सञ्चालनमा लेराइने छ ।**

## संस्कृति तथा पर्यटन

७२ **उच्च संभावनायुक्त प्राकृतिक स्थानहरुको पर्यटन पूर्वाधारहरुको विकास गरी, पर्यटन एवं व्यवसायिक क्षेत्रलाई आवद्ध गरि सार्वजनिक निजि क्षेत्रको सहकार्यात्मक सम्बन्ध विकास गर्दै आन्तरिक पर्यटनलाई प्रोत्साहन गरिनेछ ।**

७३ **धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरुको खोज पहिचान, परम्परागत चाडपर्व, जात्रा, मेला, कला संस्कृतिको संरक्षण तथा प्रचार प्रसारको लागि पहल गरिनेछ ।**

७४ आदिवासी, जनजाती, दलित, मधेशी, मुस्लिम समुदाय, पिछडावर्गको भाषा तथा संस्कृती तथा परम्परागत सीपको संरक्षण एवम् संवर्द्धन गर्नका लागि प्रयास गरिनेछ । थारु भाषाको प्रयोग तथा विस्तारमा प्राथमिकता दिइनेछ ।

७५ बाँसगढी नगरपालिका क्षेत्रको सांस्कृतिक ऐतिहासिक र परम्परागत आर्गनिक परिकार एबं आवास सहितको हामेस्टे संचालन गर्न प्रोत्साहित गर्ने निति लिइनेछ ।

## सामाजिक सुधार

७६ सामाजिक न्याय, सामाजिक समानता, उपलब्ध स्रोत साधनको प्रभावकारी वितरण, विकासको न्यायोचित वितरण, सामाजिक सुरक्षा जस्ता विषयमा विशेष ध्यान दिइ कार्यक्रमहरु निर्धारण र सञ्चालन गरिनेछ ।

७७ बाँसगढी नगरपालिका भित्रका सम्पूर्ण घरधुरीहरुको बस्तुगत तथ्यांक संकलन तथा घर नम्बर कायम गर्न, विकास निर्माण र सेवा प्रवाहलाई तथ्यपरक बनाउन नगरपालिकाका टोल बस्तीमा टोल विकास संस्था गठन गरि सोही मार्फत योजना निर्माण र योजना कार्यान्वयन गर्ने नीतिको सुरुवात गरिनेछ ।

७८ सामाजिक कुप्रथालाई निरुत्साहित गरी सभ्य तथा सुसंस्कृत समाज निर्माणका लागि जोड दिइनेछ ।

## भौतिक पूर्वाधार, शहरी बिकास तथा भवन निर्माण

७९ भौतिक पूर्वाधारहरु निर्माण गर्दा स्थानीय स्रोत साधनको उपयोग गरि मौलिकता झल्किने तथा दिगो विकासमा आधारित पूर्वाधारहरु निर्माणमा जोड दिइने छ । रु ५ लाख भन्दा माथिका सडक ग्राभेल गर्दा मापदण्ड अनुसारको रोलर प्रयोग गरि कार्य गर्ने नीति लिइनेछ ।

८० राष्ट्रिय राजमार्गसँग जोडिएका नगर स्तरीय सहरी सडकहरुको कालापत्रेलाई निरन्तरता दिनुका साथै सडक विस्तार सहितको उच्चस्तरीय स्तोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । एक वडा एक

**कालापत्रे सडकको नीतिलाई निरन्तरता दिइनेछ । नगरको एक अर्को वडा हुँदै छिमेकि गाँउपालिका तथा नगरपालिकालाई समेत जोड्ने सडक संजाल बनाउने र बाह्रै महिना आवतजावत सहज हुने गरि सडक मर्मत सुधार गरिनेछ । प्राथमिकताको आधारमा अधुरा तथा क्रमागत आयोजनाहरुलाई पूर्णता दिइनेछ ।**

८१ **नगरपालिकाको चक्रपथ निर्माण गर्ने कार्य सुचारु भैरहेको हुँदा बाँकी निर्माण कार्यलाई उच्च प्राथामिकता दिई निर्माण गरिनेछ ।**

८२ **नगरपालिकाभित्र आवश्यक रहेको झोलुङ्गे पुल आगामी २ वर्ष भित्र निर्माण गर्ने नीति लिइनेछ । यसका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।**

८३ **सडक पूर्वाधारमा नविनतम प्रविधिको विकास र प्रयोगको अध्ययन गरि सडक सुरक्षामा प्रभावकारिता ल्याउने नीति लिइनेछ । सडक सुरक्षालाई सुनिश्चित गर्न सम्बन्धित निकायसँग समन्वय गरि राष्ट्रिय राजमार्गमा सि.सि. टिभिको प्रयोग गर्ने नीति अबलम्बन गरिनेछ । सडक सुरक्षा सम्बन्धि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।**

८४ **शहरी विकास तथा भवन निर्माण सम्बन्धि मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ । सार्वजनिक तथा निजि भवन निर्माण गर्दा भुकम्प प्रतिरोधात्मक तथा राष्ट्रिय भवन संहिताको कार्यान्वयन गर्नुका साथै सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणमा जोड दिइनेछ ।**

८५ **संचारको टावर तथा क्षमता बृद्धि, नगर क्षेत्र भित्र ल्याण्ड लाइन टेलिफोन सेवा बिस्तार र मोबाइल इन्टरनेट सेवाको लागि फोर जी बिस्तार गर्न सम्बन्धित निकाय संग सहकार्य गरि नगरको सबै क्षेत्रमा संचारको पहुँचको लागी आवश्यक पहल गरिनेछ ।**

८६ **नाप नक्सा हुन बाँकी रहेका जग्गाको डिजिटल सर्भे नापीको लागि सम्बन्धित निकायमा पहल गर्नुको साथै बबईको चेपाङ र नगर क्षेत्रभित्र रहेका अव्यवस्थित तथा सुकुम्बासी बस्तीलाई व्यवस्थित गर्ने तथा नगरपालिका भित्र रहेको नमुना बजारलाई न.पा को स्वामित्वमा ल्याई व्यवस्थापन गर्ने कार्यमा पहल गरिनेछ ।**

८७ **नगरपालिका भित्र अव्यवस्थित बसोबास गरि बसेका घर धुरी, सरकारी प्रति ऐलानी जग्गाको लगत संकलन, रेखांकन तथा सिमांकन गरिनेछ । सार्वजनिक जग्गाहरुमा भएको अतिक्रमणलाई हटाउन प्रभावकारी क्रियाकलाप सञ्चालन गरिनेछ ।**

८८ **नगरसंग जोडिएका अन्य नगर वा गाँउलाई समेत ध्यानमा राखी नगर बस पार्क, नगर सभा गृह, शव दाह गृह, कभर्डहल, क्रिकेट मैदान, हाट बजार, पशु बधशाला, वृद्ध विश्रामस्थल, योगशाला शैक्षिक प्रतिष्ठानका क्षेत्रहरु, फोहर प्रसोधन केन्द्र आदि जस्ता क्षेत्रहरुको पहिचान गरि प्राथमिकताको आधारमा योजना बनाई क्रमशः कार्यान्वयनमा ल्याईनेछ ।**

८९ **अबैज्ञानिक भू उपयोगलाई नियन्त्रण गर्न, वातावरणीय व्यवस्थापन, प्राकृतिक स्रोत साधनको संरक्षण एवं उपयोगका लागि समग्र नगर क्षेत्रको वातावरणीय अध्ययन गर्ने, बाढी एवं पहिरो नियन्त्रणका लागि कार्यक्रम सञ्चालन तथा जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु सञ्चालन गर्ने निति लिईनेछ ।**

९० **फोहोर व्यवस्थापनका लागि निजी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा जोड दिई, जैविक एवं अजैविक फोहोर छुट्याउने, प्लाष्टिकजन्य पदार्थको प्रयोगमा नियमन र दुरुत्साहन, व्यवस्थित ल्याड फिल्ड साइटको निर्माण जस्ता क्रियाकलापमा जोड दिइनेछ ।**

९१ **चालु आर्थिक वर्षसम्म ४ वटा वडा कार्यालयका आफ्नो कार्यालय भवन निर्माण भैसकेको हुँदा बाँकी वडाका कार्यालय भवनहरु तथा नगर कार्यालय भवन निर्माण कार्यलाई पूर्णता दिइनेछ ।**

९२ **नगर बजार क्षेत्रको ढल निकासको उचित व्यवस्थापनका लागि आबश्यक पहल गरिनेछ ।**

९३ **कृषि, पर्यटन र व्यापारको प्रबर्धन गर्दै स्थानीय पूर्वाधार निर्माणलाई यी क्षेत्रहरुको विकासका लागि सहयोग पुग्ने गरि सञ्चालन गरिनेछ ।**

९४ **एक वडा – एक खेलकुद मैदान निर्माण** नीति अनुरुप निजि क्षेत्रको संलग्नता समेत बढाई खेलकुदको विकासका लागि भौतिक पूर्वाधार निर्माण, विकास र विस्तार गरिनेछ ।

९५ साविकको बेलवा गा.वि.स लाइ आधार मानि हालको बाँसगढी ३ बेलवा देखि वडा नं. २ बनमुढुवा, अमैया,बेतहनी, राँझ्रा हुँदै वडा नं. ३ माहादेवा भएर वेलवा जोड्ने रिङ्ग रोडको डि.पि.आर तयार गरी सर्वासाधारणलाइ यातायातमा सरल पहुँच पुर्याउने प्रयास गरिनेछ ।

## महिला, बालबालिका जेष्ठ नागरिक तथा लक्षित वर्ग समुदाय

९६ उद्यमशिलताको विकास गर्न उत्पादनमूखी, सिपमूलक तथा आयमूलक कार्यक्रम संचालन गरि महिला, दलित, आदिवासी, जनजाति, मधेशी मुस्लिम, लोपोन्मुख जाति तथा पछाडि परेका बर्ग र समुदायको क्षमता विकासमा जोड दिनुका साथै स्वरोजगारी सृजना गर्ने नीति लिइनेछ । मुक्त कमैया, मुक्त कम्लरीका परिवारहरुलाई सीपमूलक एवम् व्यावसायिक तालिम प्रदान गरि उत्पादनमा लाग्न जोड गरिनेछ ।

९७ सामाजिक सुरक्षाको सम्पूर्ण अभिलेखलाई डिजिटल बनाउनुका साथै सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणालीबाट वितरण गर्ने कार्यलाई प्रारम्भ गर्दै रकम वितरण गर्न बैंकहरुलाई शाखारहित बैंकिंग प्रणाली अपनाउन अनुरोध गरिनेछ । ज्येष्ठ नागरिक परिचय पत्र तथा अपागंता परिचय पत्र वितरण :क्ष्क प्रणाली मार्फत सुरुवात गरिनेछ ।

९८ मानव बेचविखन विरुद्धको अभियानमा विभिन्न संघसंस्था तथा स्थानीय सरोकार निकायलाई परिचालन गरि एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

९९ अपाङ्गता भएका व्यक्तिहरुका लागि भौतिक संरचना तथा सञ्चार सेवालाई पहुचयुक्त बनाउन आवश्यक चेतनामूलक र पैरवी कार्यक्रम सञ्चालन गरिनेछ साथै अपांगता भएका ब्यक्तिलाई आवश्यक अनुदान सहित सिपमुलक तालिम दिईने नीति लिईने छ ।

१०० एकल महिलाको क्षमता अभिबृद्धि कार्यक्रमलाई प्रोत्साहित गर्दै एकल महिला राहत कोषको परिचालन गरि सिपमुलक कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

१०१ बाल अधिकारको सुनिश्चितता गर्न बालमैत्री स्थानीय शासन सञ्चालनका सूचकका आधारमा कार्यक्रम तय गरि सञ्चालन गरिनेछ । बालक्लबहरु तथा बाल सञ्जालको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०२ बालश्रम न्यूनिकरण गर्न स्थानीयस्तरमा चेतना अभिवृद्धि र स्थानीय स्तरमा रहेका बालश्रम प्रयोगको निरिक्षण तथा अनुगमन गर्नुका साथै सरोकारवालाको सहयोग र समन्वयमा निकृष्ट प्रकारको बालश्रममुक्त नगरपालिका घोषणा गर्न जोड दिइनेछ ।

१०३ निर्णय प्रक्रिया, सहभागितामूलक योजना तर्जुमा र आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा महिला, बालबालिका, आदिबासि जनजाति, दलित, मधेशी, मुश्लिम, अपाङ्गता भएका व्यक्तिहरु, अल्पसंख्यक, लोपोन्मुख, ज्येष्ठ नागरिक तथा विपन्न एवं पिछडा वर्गहरुको सहभागितामा जोड दिईनेछ ।

१०४ लैङ्गिक हिंसा विरुद्धको शुन्य सहनशीलता नीति अबलम्बन गरि लैङ्गिक हिंसा विरुद्ध अभियान सञ्चालन गरिनेछ । लैङ्गिक हिंसा, जातीय छुवाछुत लगायतका विभेद तथा सामाजिक जागरण अभियान तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । एकल महिलाहरुलाई व्यवसायिकता तर्फ उन्मुख गराउन आयमुलक र सिपमुलक तालिम प्रदान गरि आय आर्जनमा वृद्धि गरि आत्म निर्भर बनाईने नीति लिईनेछ ।

१०५ लक्षित वर्गको कार्यक्रम सञ्चालन गर्दा उत्पादनमूखी, सिपमुलक तथा सचेतनात्मक कार्यका लागि जोड दिई सञ्चालन गरिनेछ ।

१०६ जेष्ठ नागरिकहरुको अनुभव र सिपलाई आर्थिक, सामाजिक कार्यमा उपयोग गर्ने, जेष्ठ नागरिक लाई लक्षित गरि निजि क्षेत्र, गैर सरकारी संस्था समेतको सहयोगमा दिवा विश्राम स्थल तथा मिलन केन्द्रको निर्माण तथा व्यवस्थापनका साथै ज्येष्ठ नागरिकलाई सम्मान गर्ने नीति लिइनेछ ।

## उद्योग तथा वाणिज्य

१०७ स्थानीय कच्चा पदार्थमा आधारित साना तथा मझौला उद्योगहरुमा संचालनमा बिशेष जोड दिइनेछ । निजी तथा सहकारी संस्थाहरुलाई उत्पादनमूखी उद्योग सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

१०८ नगर क्षेत्र भित्र संचालनमा रहेका उद्योग कल, कारखानाहरुलाई बढावा दिँदै थप उद्योग कलकारखाना संचालनमा ल्याउनका लागी उद्योगी तथा लगानीकर्तालाई लगानीका लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । नगर क्षेत्रभित्र रहेका व्यसायहरुलाई व्यवसाय दर्ताको परिधिमा ल्याई नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने नीति लिइनेछ ।

१०९ नगरपालिका क्षेत्र भित्रका ढुङ्गा, बालुवा, गिट्टी लगायत नदीजन्य पदार्थको उपयोग मार्फत आन्तरिक आय बृद्धि गर्न जोड दिइनेछ ।

## उर्जा तथा बिद्युत्तिकरण

११० उर्जा सुरक्षालाई ध्यान दिई बिद्युतको नियमित आपूर्तिका लागि पहल एवं वैकल्पिक उर्जा प्रबर्द्धनको लागी संभाव्यता अध्ययन तथा सडक सौर्यबत्ति जडान गर्ने कार्यक्रममा जोड दिइनेछ ।

१११ जनसहभागितामा आधारित सौर्य सडक बत्तीको बिस्तार गरि शहरी सौन्दर्य कायम गुर्नका साथै नगरको ग्रामिण क्षेत्रमा बिद्युत लाईन बिस्तारको लागि पहल गरिनेछ ।

११२ सुधारीएको चुलो (बायोमास) र बायोग्यास सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माणमा सहयोग सम्बन्धित निकायसँग पहल गरिनेछ ।

## सुशासन तथा सार्वजनिक सेवा प्रवाह

११३ नगरपालिकाबाट हुने हरेक सेवा सम्बन्धि कार्यमा नतिजामा आधारित कार्य सम्पादन प्रणाली अवलम्बन गरिनेछ । यसका लागि नगरपालिकाका सबै कर्मचारीहरुसँग सेवा करार सम्झौता गरि लागु गरिनेछ ।

११४ **स्थानीय तह सञ्चालनका लागि आबश्यक बिभिन्न नीति, आवधिक योजना तथा गुरुयोजना तथा कानुनहरुको तर्जुमा गरि नगरपालिकाको कार्यलाई व्यवस्थित बनाइनेछ ।**

११५ **सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन सेवाग्राही पहुँचलाई सरल एवं सहज बनाउन, सूचना प्रवाह, सूचना प्रविधिको प्रयोग, सेवाग्राहीमैत्री संरचना, कामप्रति प्रतिबद्ध कर्मचारीतन्त्रको विकासमा जोड दिइनेछ । सबै वडा कार्यालयहरुमा** Digital Information Desk **को व्यवस्था गरिनेछ ।**

११६ **कर्मचारीको सुविधा र सेवा प्रवाहको व्यवस्थापनको लागि विनियम, कार्यविधि, निर्देशिका तयार गरि लागु गरिनेछ । कर्मचारीहरुको क्षमता बृद्धि गर्न, मनोबल उच्च राख्न र कार्य सम्पादनलाई व्यवस्थित गर्नका लागि तालिम, प्रशिक्षण, कार्य सुरक्षाको साथै कार्य प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ ।**

११७ **नगर सूचना केन्द्रलाई थप व्यवस्थित र सुदृढ गरिनेछ ।**

११८ **न्यायिक अधिकारको सन्तुलित प्रयोगका साथै मेलमिलापको सिद्धान्तमा आधारित न्याय निरुपण गर्दै न्यायीक समिति तथा प्रत्येक वडामा रहेका सामाजिक मेलमिलाप सहजकर्ताहरुको क्षमता विकासमा जोड दिइनेछ ।**

११९ **शासन प्रणालीमा सुशासन, निर्णय प्रक्रियामा तथ्य तथा सुचनाहरुको प्रयोग र तथ्यमा आधारित नीति निर्माण, सेवा प्रवाहको क्षमता अभिवृद्धि, विकास निर्माणमा गुणस्तरिय सुधार, सहभागिता र पारदर्शीता ल्याउनका लागि विभिन्न क्षेत्रसँग समन्वय सहकार्य गरि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।**

१२० **नगरपालिकाको कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुनेछ । उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन संयन्त्र मार्फत सेवाप्रवाहलाई शिघ्र, सरल र सहज बनाइनेछ । विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरिनेछ । यसका लागि प्रभावकारी नियममन गरिनेछ । तोकिएको गुणस्तर, परिणाम अनुसारको काम समयमै गर्न लगाइनेछ । मापदण्ड विपरित कार्य र भ्रष्टाचारलाई शुन्य सहनशिलताको नीति लागु गरिनेछ ।**

१२१ **बाँसगढी नगरपालिकाबाट गरिने विविध कार्यक्रमहरुको खर्चलाई मितव्ययीता तथा एकरुपता कायम गर्न खर्च मापदण्ड बनाई लागु गरिनेछ । साथै ५ वर्षे खरिद गुरु योजना तयार गरिनेछ, सोही आधारमा वार्षिक खरिद योजना बनाई लागु गरिनेछ ।**

## बिपद् व्यवस्थापन

१२२ **बिपद् व्यबस्थापन सम्बन्धी आवश्यक नीति कार्य योजना र कार्यबिधि तयार गरि लागु गरिनेछ ।**

१२३ **अबैज्ञानिक भु उपयोगलाई नियन्त्रण गर्न, वाताबरणीय व्यवस्थापन, प्राकृतिक स्रोत साधनको संरक्षण एबम् उपयोगको लागि समग्र नगर क्षेत्रको वातावरणीय अध्ययन गर्ने, बाढी एबम् पहिरो नियन्त्रणका लागि कार्यक्रम संचालन तथा जलवायु परिबर्तन अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ ।**

१२४ **नगरको विपद् व्यवस्थापन योजना अनुसार राहत, उद्दार सामग्रीको व्यवस्थापन, विपद् नक्सांकन, विपद व्यवस्थापन कोष, आपतकालीन कार्य सञ्चालन लगायतका कार्य सञ्चालन गरिनेछ ।**

१२५ **भूकम्पीय जोखिम न्यूनिकरण सम्बन्धी जनचेतना, सार्वजनिक जानकारी र आवास व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।**

१२६ **नदी विशेष नियन्त्रण तथा व्यवस्थापन गर्न गूरुयोजना तयार तयार गरि नदी नियन्त्रण तथा तटबन्धनका कार्यलाई जोड दिइनेछ ।**

१२७ **मध्यवर्ती क्षेत्र तथा राष्ट्रिय निकुञ्जको सिमानामा बसोबास गरेका बासिन्दाहरुको बालीनाली लगायतका अन्य कृषि उत्पादनहरु संरक्षित क्षेत्रबाट आउने जनावरहरुबाट हुने नोक्सानीको रोकथामका लागि बर्दिया राष्ट्रिय निकुञ्जसँग समन्वय गरि क्षति पुर्ति ब्यबस्था एबं क्षति न्यूनिकरण गर्ने नीति लिइनेछ ।**

१२८ **जलवायु परिर्वतनबाट सिर्जित नकारात्मक असर न्यूनिकरण गर्न जलवायु अनुकुलन कार्ययोजन बनाई कार्यान्वयन गरिनेछ ।**

# वन तथा वातावरण संरक्षण

१२९ ऐतिहासिक, साँस्कृतिक, जैविक ताल, पोखरीहरुको उचित संरक्षण सहित पर्यावरण र वातावरण सन्तुलन राख्न तथा वन सम्पदा संरक्षण प्रवर्द्धन र उपयोग गर्न उपयुक्त हुने वन नीति तर्जुमा गरि कार्यान्वयन गर्नुका साथै हरियाली नगर बनाउने नीति अनुरुप एक घर दुई रुखको नीति लागु गरिनेछ ।

१३० वन व्यवस्थापन गर्दा संरक्षण तथा आर्थिक उर्पाजनलाई सँगसँगै लैजाने नीति अवलम्बन गरिनेछ । नगर क्षेत्रभित्र रहेका वन, नदी, खोला, नाला, ताल सिमसार क्षेत्रहरुको अतिक्रमण र प्रदुषण रोकथाम गर्न संरक्षणका कार्यक्रमहरु संचालन गर्नुका साथै न्यून वन भएको क्षेत्रमा वृक्षारोपण कार्यलाई जोड दिइनेछ ।

१३१ वन तथा वन्यजन्तु संरक्षण, दिगो तथा वैज्ञानिक वन व्यवस्थापन तथा उपयोग र वातावरणीय सेवाको दिगो उपलब्धताको लागि समुदायमा आधारित वन व्यवस्थापनलाई सबल बनाउन आवश्यक कानुनी, नीतिगत तथा संरचनागत सुदृढिकरण गरिनेछ । वन पैदावारको उत्पादन र उत्पादकत्व बृद्धि गर्न **समृद्धिका लागि वन कार्यक्रम** सुरुवात गरिनेछ । आय आर्जन बढाउनका लागि बाँझो तथा अर्ध प्रयोग भएका जमिनमा कृषि वन कार्यक्रम लागु गरिनेछ । नगरभित्रका पोखरी ताल तथा नदीको पानीको गुणस्तर र जलीय जैविक विविधता सम्बन्धी अध्ययन गरि पानीको स्वच्छता कायम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२ मानव – वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रम सञ्चालन गरि बन्यजन्तुबाट हुने बालीनाली तथा मानवीय क्षतीलाई न्यूनिकरण गर्न जोड दिइनेछ ।

१३३ विकास योजना संचालन गर्दा वातावरण मैत्री विकास प्रणालिलाई संस्थागत गर्दै जलवायु परिर्वतनको नकरात्मक असरलाई न्यून गर्न वन लगानी कार्यक्रममा समेत जोड दिई सो क्षेत्रमा कार्यरत सरकारी गैर सरकारी संस्थाहरु संग समेत समन्वय गरि कार्यक्रम संचालन गर्न जोड दिइने छ ।

१३४ नगर भित्र अन्तर्राष्ट्रिय स्तरको उद्यान निर्माणका लागि सम्भाव्यता अध्ययन गरि संघ तथा प्रदेश सरकार तथा सम्बन्धित निकायसँगको समन्वय गरिनेछ । **एक वडा एक बाल उद्यान** निर्माणको नीति अवलम्बन गरिनेछ । शहरी सुन्दरता प्रवर्द्धनका लागि बगैचा एबम् पार्क निर्माण, शहरी बृक्षारोपण गर्ने जोड दिइनेछ ।

१३५ शहिद स्मारक पार्कलाई उच्च स्तरीय बनाउनका लागि आवश्यक पहल गर्नुका साथै पूर्वाधार निर्माणमा निरन्तरता दिइनेछ ।

१३६ गुणस्तरीय विरुवा उत्पादन गर्न वन, बिउ, बगैँचाको संरक्षण र व्यवस्थापन गर्नुका साथै बहुवर्षिय वन नर्सरीबाट हुने विरुवाको उत्पादन कार्यको सुरुवात गरिनेछ ।

१३७ ढुगां, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोतहरुको  उत्खनन, उपयोग र व्यवस्थापनलाई वातावरणमैत्री बनाउन अनुगमन तथा नियमन कार्यमा जोड दिइनेछ ।

## कर प्रशासन

१३८ चालु खर्चको न्यूनीकरण गर्दै पुँजीगत खर्चको बढोत्तरी गर्ने, खर्चको प्रभावकारिता र प्रतिफल बढाउने, राजस्वका श्रोतहरु बढाउने, राजस्वको प्रभावकारी परिचालन गर्ने निति लिइनेछ ।

१३९ नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, राजश्व बाँडफाड लगायत आन्तरिक श्रोतहरुको प्रभावकारी परिचालन गरिनेछ ।

१४० आन्तरिक आय वृद्धिको लागि व्यवसाय कर संकलनलाई निरन्तरता दिनुका साथ घर भाडा, सवारी साधनको लगत तयार गरि करको दायरामा ल्याई नेपाल सरकारका राजस्व संकलन गर्ने निकायहरुसँग सूचना प्रवाह र समन्वयात्मक रुपमा कार्य गरि आन्तरिक स्रोतको प्रबर्धन गरिनेछ ।

१४१ नगरपालिकाले आधार वर्षहरुमा प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक लगाएत सबै क्षेत्रको विकास गरि सामाजिक न्याय र समन्यायिक आर्थिक विकासबाट राष्ट्रले लिएको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय आंकाक्षा पुरा गर्न बाँसगढी नगरपालिकाले लिएको यस नीति तथा कार्यक्रम सहयोगी हुनेछ भन्ने विश्वास लिएको छु ।

१४२ यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संस्थागत हुँदै नगरबासीको जीवनस्तर उकास्न तथा आर्थिक, सामाजिक सबलीकरण गर्न, उत्पादन र

उत्पादकत्व बृद्धि गर्न, सन्तुलित भौतिक पूर्वाधार विकास गर्न, सामाजिक विभेद अन्त्य गरि न्याय कायम गर्न तथा गुणस्तरीय सेवा प्रवाह गर्न तथा समृद्ध नगर निर्माणमा सहयोग पुग्नेछ भन्ने अपेक्षा लिएको छु । यस नीति तथा कार्यक्रम निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्णमा आभार प्रकट गर्दछु ।

धन्यवाद्

***Www.Bansgadhimun.gov.np***

बाँसगढी नगरपालिका